जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २४९ | २०८२ साल चैत्र २१ गते, शनिबार | Saturday, Arp.– 04 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## बालेन सरकारले पहिलो सातामा तय गरेका ५ महत्वपूर्ण कामको डेडलाइन

***काठमाडौं, चैत २०।***
प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारले शपथ ग्रहण गरेलगत्तै निश्चित 'डेडलाइन' तोकेर कार्यभार सम्हालेको छ। पहिलो मन्त्रिपरिषद बैठकमा पारित शासकीय सुधारका १०० बुँदे कार्यसूचीमा केही कामहरू तीन महिनाभित्र पूरा गर्न तोकिएको भए पनि केही कार्य ७ दिनभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। यसै अनुसार, बालेन सरकारले कार्यभार सम्हालेको पहिलो सातामा पाँचवटा महत्वपूर्ण कामहरू सुरु गरेको देखिन्छ।



कार्यसूचीको बुँदा ४२ अनुसार, देशभर सञ्चालन हुँदै आएका सट्टेबाजी एप र वेबसाइटहरूलाई २४ घन्टाभित्र बन्द गर्न निर्देशन दिइएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यस कार्यलाई तोकिएको समयमै पूरा गर्दै सट्टेबाजी प्लेटफर्म बन्द गरिसकेको छ। यसले नेपालमा अनावश्यक जुवा र अनधिकृत व्यवसाय नियन्त्रण गर्ने सरकारी दाबीलाई बल दिएको छ।
उद्योग दर्ता प्रक्रिया सरल र छिटो बनाउन बुँदा ५६ अनुसार 'स्टार्टअप फास्ट ट्र्याक' प्रणाली लागू गर्ने निर्णय गरिएको थियो। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले विज्ञहरूसँग परामर्श गर्दै दुई दिनभित्र सेवा उपलब्ध गराउने तयारी थालेको छ। यस प्रणालीले नयाँ व्यवसाय दर्ता प्रक्रिया छिटो र पारदर्शी बनाउने अपेक्षा गरिएको छ।
साथै, प्रत्येक मन्त्रालयले सात दिनभित्र आफ्ना प्रमुख १० कार्य र तिनको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था पनि कार्यसूचीमा समावेश थियो। अहिलेसम्म अधिकांश मन्त्रालयले कार्ययोजना बुझाएका छैनन्, तर मातहतका विभाग र निकायलाई विवरण पठाउन निर्देशन दिइसकिएको छ। केही विभागहरूले मन्त्रालयमा विवरण पठाइसकेका छन्।

बाँकी तेस्रो पृष्ठमा

## कलैया उमनपामा राष्ट्रिय आर्थिक गणना सचेतना गोष्ठी सम्पन्न, कार्यतालिका सार्वजनिक

***संवाहक सम्वादाता**-२०चैत्र, कलैया*
राष्ट्रिय आर्थिक गणना २०८२ अन्तर्गत आज कलैया उप-महानगरपालिकामा पालिका स्तरीय सचेतना गोष्ठी सम्पन्न भएको छ। "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने नारासहित आयोजित कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, उद्योगी-व्यवसायी तथा सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो।
उपमहानगरपालिकाको सभाहलमा सम्पन्न गोष्ठी प्रमुख प्रशासकीय अधिकृत रामबिनय सिंहको अध्यक्षतामा भएको थियो। कार्यक्रममा उपमेयर रौशन प्रविणको विशेष उपस्थिति रहेको थियो। अध्यक्ष सिंहले आर्थिक गणनालाई सफल बनाउन पालिकाको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रम समापन गरेका थिए।
कार्यक्रममा जिल्ला आर्थिक गणना कार्यालय बाराका प्रमुख राजेश दासले आर्थिक गणनाको उद्देश्य, प्रक्रिया र महत्वबारे सहजीकरण गरेका थिए। उनले विश्वसनीय तथ्यांक संकलनमार्फत नीति निर्माण, योजना तर्जुमा तथा आर्थिक विकासका आधार तयार हुने भएकाले यस अभियानलाई सफल बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको बताए।
नेपालमा आर्थिक गणनाको इतिहास हेर्दा २०७५ सालमा पहिलो पटक गरिएको थियो भने २०८२ मा दोस्रोपटक सञ्चालन हुन लागेको हो। देशभर ८४ वटा आर्थिक गणना कार्यालय स्थापना गरिएको छ भने बारामा मात्रै १२ हजार ४४९









प्रतिष्ठान रहेका छन्। औपचारिक रूपमा दर्ता भई आर्थिक कारोबार गरिरहेका उद्योग, पसल, क्याम्पस, विद्यालय लगायत आर्थिक गतिविधिसँग सम्बन्धित सबै प्रतिष्ठानलाई गणनामा समेटिने जनाइएको छ।
यसैबीच, सार्वजनिक कार्यतालिका अनुसार आर्थिक गणना चरणबद्ध रूपमा सञ्चालन हुनेछ। केन्द्रीयस्तरको तालिम फागुन २४-२८ मा सम्पन्न भइसकेको छ भने चैत १-४ मा जिल्ला कार्यालय स्थापना गरिएको छ। चैत तेस्रो हप्तामा सचेतना कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।
चैत २०-२५ मा गणक तथा सुपरिवेक्षकको अन्तर्वार्ता र नतिजा प्रकाशन, चैत २६ देखि बैशाख २ सम्म तालिम, र चैत ३० देखि असार ७ सम्म स्थलगत तथ्याङ्क संकलन गरिनेछ। त्यस्तै असार ८-११ मा छलफल तथा बिदाइ, असार १२-१६ मा अनलाइन प्रविष्टि, असार १७-२१ मा फाराम रुजु तथा ढुवानी, र असार २२-२६ मा आन्तरिक लेखापरीक्षण गरिनेछ। असार मसान्तसम्म जिल्ला आर्थिक गणना कार्यालय बन्द गरिनेछ।
यसअघि बिहीबार जिल्ला समन्वय समितिको सभाहलमा आयोजित जिल्ला स्तरीय सचेतना गोष्ठीमा प्रमुख अतिथि जिल्ला समन्वय समितिका सभापति नरेन्द्र कुमार साहले आर्थिक गणनाको सफलताका लागि सबै सरोकारवालाको सक्रिय सहयोग आवश्यक रहेको बताएका थिए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले गणनाका क्रममा सुरक्षा निकायबाट पूर्ण सहयोग रहने प्रतिबद्धता जनाएका थिए।

## पोखरिया स्थित मालपोत कार्यालयबाट तीन बिचौलिया पक्राउ

***संवाहक सम्वादाता**-२०चैत्र, कलैया*
पर्सा जिल्लाको पोखरियास्थित मालपोत कार्यालयमा अनधिकृत प्रवेश गरी सेवाग्राहीलाई हैरान पार्ने तीन बिचौलियालाई प्रहरीले पक्राउ गरेको छ।
इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको टोलीले शुक्रवार घटनास्थलबाट तीनै जनालाई नियन्त्रणमा लिएको हो। पक्राउ परेकाहरूको नाम हाल सार्वजनिक गरिएको छैन। प्रहरी निरीक्षक प्रदीप पौडेलले जानकारी दिए, "उनीहरूले आफू लेखापढी व्यवसायी भएको दाबी गरेका छन्। त्यसबारे थप अनुसन्धान भइरहेको





छ।"
मालपोत कार्यालयमा अनावश्यक रूपमा प्रवेश गर्ने र सेवाग्राही तथा कर्मचारीलाई असुविधा पुर्याउने व्यवहारको गुनासो आएपछि प्रहरीले कारबाही गरेको हो।
भूमि व्यवस्थापन तथा अभिलेख

बाँकी तेस्रो पृष्ठमा

## रौतहट मालपोत कार्यालयमा सेवाग्राहीलाई हैरानी दिने चार बिचौलिया पक्राउ

***गौर, २० चैत।***
रौतहटको सदरमुकाम गौरस्थित मालपोत कार्यालय परिसरमा सेवाग्राहीलाई हैरानी दिने चार जना बिचौलियालाई प्रहरीले नियन्त्रणमा लिएको छ।
जिल्ला प्रहरी कार्यालय गौरबाट खटिएको टोलीले एकाराम नरेश, सिकित नारायण, संजय कुमार र बब्लु प्रसादलाई पक्राउ गरेको हो। उनीहरू सेवाग्राहीलाई विभिन्न बहाना बनाएर ठगी गर्ने कार्यमा संलग्न रहेको आरोप छ।
प्रहरीका अनुसार, यी बिचौलियाहरूले जग्गा पास, बिक्री तथा अन्य कागजी काम छिटो गराइदिने प्रलोभन देखाएर





सेवाग्राहीबाट रकम असुल्ने गरेको पाइयो। लामो समयदेखि मालपोत कार्यालय परिसर तथा वरिपरि सक्रिय रहेका उनीहरूले सर्वसाधारणलाई निरन्तर दुःख दिँदै आएको गुनासो स्थानीयवासीबाट प्रहरीलाई आइरहेको थियो।
पक्राउ परेकाहरूको थप अनुसन्धान

बाँकी तेस्रो पृष्ठमा

## बारामा एसईईको दोस्रो दिन नौपाली विषयमा १ हजार भन्दा बढी परीक्षार्थी अनुपस्थित

***संवाहक सम्वादाता**-२०चैत्र, कलैया*
बाराको कलैयाबाट प्राप्त रिपोर्ट अनुसार, देशभर सुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को दोस्रो दिन बारामा ठूलो संख्यामा परीक्षार्थी अनुपस्थित भएका छन्।
चैत १९ गते आइतबारदेखि सुरु भएको परीक्षा अन्तर्गत शुक्रबार अनिवार्य नेपाली विषयको परीक्षा सञ्चालन भएको थियो। शिक्षा विकास तथा समन्वय इकाई बाराका निमित्त प्रमुख अशोक कुमार रौनियारका अनुसार, जिल्लामा यस विषयको परीक्षा दिने कुल १०,८१३ परीक्षार्थीमध्ये १,५२४ जना अनुपस्थित रहेका थिए।
अनुपस्थित परीक्षार्थीको विवरण यसप्रकार छः
साधारणतर्फ नियमितः ६८ जना
साधारणतर्फ ग्रेडवृद्धिः १,४०० जना



प्राविधिकतर्फ नियमितः ४ जना
प्राविधिकतर्फ ग्रेडवृद्धिः ५२ जना
यस अनुसार, परीक्षा दिने परीक्षार्थी ९,२९० जना मात्र उपस्थित भएका थिए। बारामा परीक्षा ३० वटा परीक्षा केन्द्रमार्फत सञ्चालन भइरहेको छ। यस वर्षको तालिकाअनुसार, आगामी चैत २२ गते अनिवार्य गणित विषयको परीक्षा हुनेछ। शिक्षा अधिकारीहरूले अनुपस्थित परीक्षार्थीको कारणबारे अध्ययन गरिरहेको बताएका छन्। स्थानीय शिक्षक र अभिभावकहरूले परीक्षा दिन विद्यार्थीलाई प्रोत्साहन र नियमित उपस्थितिमा जोड दिनुपर्ने सुझाव दिएका छन्। यस घटनाले बारामा एसईई परीक्षा व्यवस्थापनमा चुनौती र विद्यार्थी सहभागिताको अवस्थालाई स्पष्ट रूपमा देखाएको छ

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानूनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## संसदको माफी : शब्द कि प्रणालीगत परिवर्तनको शुरुआत?

नेपालको संसदबाट दलित समुदायप्रति माफी मागिएको प्रसंगलाई सामान्य घटनाका रूपमा लिन मिल्दैन। यो केवल भावनात्मक अभिव्यक्ति होइन, राज्यले आफ्नै विगतको अन्याय स्वीकार गरेको संकेत हो। तर, यहीं एउटा गम्भीर प्रश्न उठ्छ–के स्वीकारोक्ति नै न्याय हो?

रवि लामिछाने ले संसदमा दिएको अभिव्यक्ति साहसिक अवश्य छ। दलितमाथिको विभेदलाई 'संगठित अपराध' को रूपमा व्याख्या गर्नुले बहसलाई नैतिक र राजनीतिक दुवै तहमा उचाल्छ। तर, यस्ता अभिव्यक्तिहरूले वास्तविक परिवर्तन ल्याउँछन् कि केवल क्षणिक नैतिक सन्तुष्टि दिन्छन् भन्ने परीक्षण अब हुन बाँकी छ।


नेपालमा जातीय विभेद कुनै छुट्टाछुट्टै घटना होइन; यो राज्यकै संरचनाभित्र गाडिएको दीर्घकालीन समस्या हो। यस्तो अवस्थामा संसदबाट माफी मागिनु प्रतीकात्मक उपलब्धि हो, तर प्रतीकले मात्रै संरचना बदलिँदैन। माफीले इतिहासलाई स्वीकार्छ, तर भविष्यलाई बदल्न सक्दैन–जबसम्म नीति र व्यवहारमा ठोस परिवर्तन हुँदैन।

व्यक्तिगत तहमा माफी माग्ने क्रम बढ्दै जानु सकारात्मक संकेत हो। खगेन्द्र सुनार र बालेन्द्र शाह जस्ता उदाहरणहरूले नयाँ पुस्ताको संवेदनशीलता देखाउँछन्। तर, राज्यको जिम्मेवारी व्यक्तिगत भावनाभन्दा धेरै माथि हुन्छ। राज्यले माफी माग्नुको अर्थ केवल शब्द उच्चारण गर्नु होइन, अन्याय अन्त्य गर्ने संयन्त्र निर्माण गर्नु हो।

आज पनि दलित समुदाय, विशेषतः महिलाहरू, शिक्षा, रोजगारी, स्वास्थ्य र सामाजिक सम्मानका क्षेत्रमा गहिरो विभेद झेलिरहेका छन्। कानुनहरू छन्, तर कार्यान्वयन कमजोर छ। प्रतिनिधित्वको कुरा गरिन्छ, तर प्रभावकारी सहभागिता सुनिश्चित छैन। यथार्थमा परिवर्तन ल्याउन राजनीतिक इच्छाशक्ति र संस्थागत प्रतिबद्धता दुवैको खाँचो छ। त्यसैले अहिलेको माफीलाई अन्तिम उपलब्धि होइन, परीक्षणको शुरुआतका रूपमा लिनुपर्छ। अब राज्यले देखाउनुपर्ने कुरा स्पष्ट छ–भेदभावविरुद्ध शून्य सहनशीलता, कानुनको कडाइका साथ कार्यान्वयन, र दलित समुदायको सम्मानजनक सहभागिता सुनिश्चित गर्ने ठोस कदम।

यदि माफी शब्दमै सीमित रह्यो भने, यो इतिहास दोहोरिने अर्को संकेत मात्र बन्नेछ। तर, यदि यसले संरचनागत परिवर्तनको ढोका खोल्यो भने, यही क्षणलाई भविष्यले मोड बिन्दुको रूपमा सम्झिनेछ।

# युद्धका बाछिटा नेपालमा




यतिबेला मध्यपूर्व फेरि युद्धको दल दलमा फसेको छ । आफैँमा सधैँ कुनै न कुनै देश आन्तरिक वा छिमेकसँगको मनमुटावमै रहने यहाँका राष्ट्रहरू अहिले नचाहेरै पनि युद्धको छायामा जेलिनु परेको छ । त्यसमा पनि अझ अमेरिका जस्ता शक्ति राष्ट्र नै प्रत्यक्ष युद्धमा सामेल भएपछि मध्यपूर्व र एसिया प्रशान्त अहिले निकै अशान्त बनेको छ । गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण सुरु गरेपछि यो युद्धले शान्तसँग बसिरहेका यहाँका अरू राष्ट्रलाई पनि जबर्जस्त त्यो युद्धको हिस्सा बनायो । खाडीका कतिपय राष्ट्र आफूहरूले युद्ध नचाहँदा नचाहँदै पनि युद्धको सिकार हुनु पर्‍यो । तथापि खाडीका कुनै पनि राष्ट्रले इरानमाथि जवाफी कारबाही गरेनन् बरु आफू रक्षात्मक मात्रै भएर उभिए । समग्रमा यो युद्धले अहिले सारा विश्वलाई नै प्रभावित गरिरहेको छ । त्यसमा पनि नेपाल जस्ता आयातमा मात्रै निर्भर रहेको देशका लागि आपूर्ति चक्रको एउटा ठूलो मार खेप्नु परिरहेको छ ।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणको पहिलो प्रयासमै इरानका तत्कालीन सर्वोच्च नेता आयोतोल्लाह अलि खामेनी र उनका केही पारिवारिक सदस्यसहित कैयौँ उच्च सरकारी अधिकारीसमेत मारिए । इरानमाथि आक्रमण गर्ने राष्ट्रहरूका लागि युद्धको यो सबैभन्दा ठूलो सफलता रह्यो । बाँकी विश्वका लागि यो एउटा भयानक र अत्यासपूर्ण परिस्थिति बन्यो । एकातिर युद्धको त्यो त्रास अनि त्यसका कारण खलबलिएको विश्व अर्थतन्त्र । आपूर्तिचक्रको एउटामात्रै सानो अणुको स्थिति तलमाथि भयो भने मात्रै सारा विश्वबजारमा हलचल पैदा भइहाल्छ । यो युद्धका कारण इरानको क्षेत्रमा पर्ने स्ट्रिट अफ होर्मुज अवरुद्ध भयो । विश्व तेल बजारको लगभग २० प्रतिशत जति आयातको यो बाटो इरानको क्षेत्रमा पर्छ । एउटा साँघुरो सामुद्रिक खोँचमा आफ्नो अधिकार प्रयोग गर्दै इरानले त्यो बाटोमा अवरुद्ध गरिरह्यो र त्यसको प्रभावले विश्वबजारमै तेलको मूल्यमा उछाल आयो । खाडी र एसियाका कैयौँ राष्ट्रका लागि इन्धन आपूर्तिको यो सबैभन्दा मुख्य र महत्वपूर्ण बाटो हो । त्यसमा पनि नेपाल जस्ता देश इन्धनका लागि पूरै आयातमै निर्भर छन् । अर्को वैकल्पिक बाटो नहुँदा नेपाल जस्ता देशहरूलाई तेल निर्यात गर्ने देशले पनि इन्धनको समस्या खेप्नु परेको छ ।

यद्यपि यो युद्ध नयाँ होइन । केही परिस्थिति बदलिएका होलान्, केही वस्तुस्थिति फेरिएका होलान्, युद्धका स्वरूप केही परिवर्तन भएका होलान् तथापि युद्धका कारण, त्यसमा विकसित इगो र सम्बन्धका स्वरूप उही र उस्तै उस्तै छन् । इजरायल-इरान-अमेरिकाबिचको द्वन्द्व र तनावपूर्ण सम्बन्धका लामा इतिहास छन् । इजरायलको अस्तित्वमाथि नै लामो समयदेखि धावा बोलिरहेको इरान, उसले जबर्जस्ती अघि बढाइरहेको आणविक कार्यक्रम अनि अमेरिकाको निरन्तर चर्को दबाबको परिणाम विस्फोट भएर मात्रै अहिले यो युद्धको परिस्थिति उत्पन्न भएको हो । नत्र तनावका यी कारण त दशकौँअघि विकसित भइसकेका थिए । त्यसमा पनि आफ्नो पहिलो कार्यकालका बेला सन् २०१८ मै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको आणविक सम्झौताबाट बाहिरिने घोषणा गरेपछि तनावपूर्ण सम्बन्धको अर्को अध्याय सुरु भयो । युद्धका सिलसिला पनि त्यो बेलैदेखि विकसित भएको देखिन्छ । इरानले भित्रभित्रै विकसित गर्दै लगिरहेको आणविक क्षमतालाई इजरायलले आफ्नो अस्तित्वका लागि सबैभन्दा खतराका रूपमा औँल्याउँदै आएको थियो । त्यसमाथि अमेरिकाका लागि इरानको त्यो आणविक कार्यक्रम कुनै पनि हालतमा स्वीकार्य थिएन । यस्तै यस्तै पारिस्थितिकीय परिस्थितिहरूको परिणाम जन्मियो पेन्टागन (अमेरिका) को 'अपरेसन एपिक फ्युरी' अनि मोसाद आइडिएफ (इजरायल) को 'अपरेसन रोअरिङ लायन ।' इरानका लागि यो एउटा मात्रै युद्धको एउटा रूप थियो तर बाँकी विश्वका लागि भने यो एउटा भयानक परिस्थिजन्य स्थिति बन्यो ।

अमेरिका जस्ता शक्तिशाली राष्ट्र जब कुनै देशमाथि भौतिक रूपमै युद्धमा होमिन्छ अनि सारा विश्व नचाहेरै पनि त्यसमा अप्रत्यक्ष रूपमै भए पनि च्यापिनै पर्छ । खाडीका कुनै पनि राष्ट्रलाई यो युद्धसँग कुनै लेनादेना छैन । जब इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरे अनि इरानले त्यसको जवाफमा सिधा अमेरिका र वा इजरायलमाथि प्रहार गरेन बरु उसले खाडीका युएई, कतार, ओमान, साउदी जस्ता राष्ट्रमा आक्रमण गर्‍यो । कारण यत्ति मात्रै थियो कि यी राष्ट्र अमेरिकाका प्रत्यक्ष व्यापार साझेदार हुन् र यहाँ अमेरिकी सैनिकका बेसक्याम्प पनि छन् । यी राष्ट्रमाथि आक्रमण गर्नुका पछाडि इरानसँगको कुनै गहिरो दुश्मनी मात्रै नभएर अमेरिकामाथि दबाब सिर्जना गर्नु पनि थियो । नचाहेरै इरानसँग द्वन्द्वको यो चपेटामा फसेका खाडीका यी राष्ट्रले भने इरानमाथि प्रत्यक्ष आक्रमण गरेनन् । बरु आफूहरू रक्षात्मक मात्रै भएर बसे ।

उता इरानले भने सारा विश्वलाई नै हल्लाउने गरी स्ट्रिट अफ होर्मुज बन्द गरिदियो जसका कारण विश्वको इन्धन बजार र अर्थतन्त्र पूरै थर्कमान भयो । यसले पनि विश्वव्यापी रूपमा अमेरिकामाथि थप दबाब सिर्जना भयो । त्यसका लागि इरानले अमेरिकामाथि सिधा आक्रमण गर्नै परेन । इजरायलमाथि पनि इरानको 'प्रोक्सी वार' सुरु भयो । यसमा पनि इरानले आफू नै इजरायलमाथि प्रत्यक्ष आक्रमणमा त्यति धेरै सहभागी भएन । छिमेकमा सक्रिय विद्रोही र लडाकु समूहले नै इजरायलमाथि आक्रमण गरिरहेका छन् ।

यो युद्धले लगभग पाँच साता पार गरिसकेको छ । अमेरिकी राष्ट्रपतिले अझै कम्तीमा तीन साता अरू युद्धमय दिनहरू सहनुपर्ने सङ्केत गरेका छन् । यसबाट अझै परिस्थितिको आकलन गर्न अझ धेरै गाह्रो भइरहेको परिस्थिति सिर्जना भएको छ । एकातिर सम्झौताका लागि अमेरिकाले इरानलाई निरन्तर दबाब दिइरहेको छ भने अर्कोतिर अमेरिकाले युद्धलाई अझ अनिश्चिततातर्फ धकेलिरहेको छ । अमेरिकी राष्ट्रपतिका अभिव्यक्तिको विश्लेषण गर्दा उसले इरानमाथिका केही आक्रमणलाई तत्कालका लागि केही कम गरेको जस्तो देखिए पनि आफूले राखेकाबाहेक इरानका सर्तलाई उसले बेवास्ता गरिरहेको आभास हुन्छ । यसरी यो युद्ध कहिलेसम्म कहाँ गएर सकिन्छ भन्ने निर्क्योल निकाल्न गाह्रो छ । त्यसमा पनि ट्रम्पका रणनीति तत्कालका तत्कालै फेरबदल हुने प्रवृत्तिका कारण पनि यसको अनुमान लगाउन गाह्रो हुन्छ । तथापि आशा गरौँ चाँडै याव महादेशले युद्धको तुँवालोबाट उन्मुक्ति पाउने छ ।

यो युद्धबाट सबैभन्दा धेरै एसिया क्षेत्र सबैभन्दा बढी प्रभावित छ । विश्व बजारका उदीयमान आर्थिक शक्ति राष्ट्र चीन र भारत दुवै यो क्षेत्रका सबैभन्दा ठूला तेल आयातकर्ता हुन् । उनैले फेरि नेपाल जस्ता अरू धेरै देशमा तयारी इन्धन निर्यात गर्छन् । भारतले मध्यपूर्वका देशहरूबाट कम्तीमा ६० प्रतिशतभन्दा धेरै कच्चा तेल आयात गर्दै आएको छ । नेपाललगायत दक्षिण एसियाका सबै जसो राष्ट्रमा त्यही कच्चा तेल रिफाइन गरेर तयारी तेल निर्यात गर्ने देश पनि भारत नै हो । यो हिसाबले हेर्ने हो भने अहिले इन्धन व्यापारको सबैभन्दा ठूलो मारमा भारत पनि परिरहेको छ, त्यसबाहेकका देशले भने आपूर्तिको मार खेपिरहेका छन् । इरानको निरन्तरको आक्रमणका कारण खाडी राष्ट्रमा इन्धनको सुरक्षा चुनौती बढिरहेको छ । त्यसले एकातिर विश्वबजारमै इन्धनको अभाव सिर्जना गरेको छ भने अर्कोतिर त्यही अभावले मूल्यवृद्धि पनि भइरहेको छ । यसरी क्षेत्रीय शान्ति खलबलिँदै जाँदा समग्रमा इजरायल-इरान-अमेरिका युद्धमा सबैभन्दा धेरै प्रभावित एसिया महाद्वीप नै देखिएको छ । यस्तो अवस्थामा नेपाल जस्ता विकासशील राष्ट्रले आफ्ना शक्तिशाली छिमेकीलाई मध्यस्थताका लागि अनुरोध गर्न सक्छन् । यो भनेको एउटा कूटनीति पनि हो र नेपाल जस्ता राष्ट्रले गर्न सक्ने भनेको यस्तै कूटनीतिक प्रयास मात्रै हुन् ।

अहिले चीन र पाकिस्तानले इजरायल-इरान र अमेरिकीबिचको युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास थालेको देखिन्छ । त्यसका लागि पाकिस्तानले खाडीका राष्ट्रसँग छलफल र वार्ता अघि बढाएको छ भने चीनले अमेरिकासँग सम्झौताका लागि प्रयास गरिरहेको छ । यस्तो अवस्थामा नेपाल जस्ता राष्ट्रले कूटनीतिक र मानवीय दृष्टिकोणबाट शक्ति तथा युद्धरत पक्षबिच मध्यस्थताको भूमिका खेल्न सक्छन् । युद्धले एकातिर नेपालकै अर्थतन्त्रमा गम्भीर धक्का लाग्न सक्छ भने अर्कोतिर युद्धको सिकार प्रत्यक्ष रूपमा नेपाली पनि भइरहेका छन् । खाडी राष्ट्रमा लाखौँ नेपाली छन् । यो युद्धमा केही नेपालीको ज्यानसमेत गइसकेको छ । अबको युद्धमा कोही पनि बिजेता वा पराजित हुँदैन । नेपाल जस्ता 'तटस्थ' तथा असंलग्न राष्ट्रहरूको भूमिका भनेको यस्तै कूटनीतिक र मानवीय महषवका आधारमा प्रयास मात्रै गर्ने हो । भविष्यमा पनि यस्तो अवस्थामा आयो भने कसरी आफू आत्मनिर्भर हुन सकिन्छ ? भन्नेतिर ध्यान दिने हो । समग्रमा युद्धबाट कसैको हारजित हुँदैन मात्रै क्षति हुन्छ, नोक्सानी हुन्छ । आजको विश्वमा संवाद, कूटनीति, बहुपक्षीयता र सहअस्तित्वको स्वीकार्यता नै सबैभन्दा ठूलो समाधान हो । त्यसका लागि नेपाल जस्ता राष्ट्रले बहुपक्षीय मञ्चहरूमा शान्तिका लागि यस्तै अपिल गर्न सक्नु पर्छ । विश्वपरिवेशमा नेपालले दिन सक्ने योगदान भनेकै यस्तै हो।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## औषधि शुल्कबारे अमेरिकासँग वार्ता नगर्ने अष्ट्रेलियाको घोषणा

***क्यानबेरा, चैत २० गते ।***
अष्ट्रेलियाली सङ्घीय सरकारले औषधिमा दिइँदै आएको सहुलियत योजनामा कुनै परिवर्तन नगर्ने र यस विषयमा अमेरिकासँग वार्ता नगर्ने स्पष्ट पारेको छ । स्वास्थ्यमन्त्री मार्क बटलरले शुक्रबार टेलिभिजन अन्तर्वार्तामा बोल्दै औषधिको लागत घटाउन लागु गरिएको औषधि लाभ योजनाका आधारभूत नीतिमा कुनै सम्झौता नगर्ने बताउनुभएको छ । उक्त योजना अन्तर्गत सरकारले चिकित्सकको सिफारिसमा दिइने औषधिमा सहुलियत प्रदान गर्दै आएको छ । उहाँले भन्नुभयो, “हामीले अमेरिकालाई बारम्बार स्पष्ट सन्देश दिइरहेका छौँ कि यी आधारभूत नीतिमा कुनै पनि प्रकारको वार्ता हुने छैन ।” यो प्रतिक्रिया अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही पेटेन्ट भएका औषधिको आयातमा १०० प्रतिशत शुल्क लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गरेपछि आएको हो ।




अमेरिकी प्रशासनले मार्च अन्त्यतिर सार्वजनिक गरेको व्यापार सम्बन्धी गुनासो सूचीमा अष्ट्रेलियाको उक्त योजनाले अमेरिकी औषधि नवप्रवर्तनको मूल्य कम आँक्ने र औषधिको मूल्य निर्धारणमा अन्यायपूर्ण अभ्यास अपनाउने आरोप लगाएको थियो । उक्त योजना अन्तर्गत औषधि उत्पादकले व्यक्तिगत खरिदकर्तासँग होइन, सिधै अष्ट्रेलियाली सरकारसँग मूल्य वार्ता गर्नुपर्छ, जसले बजारमा प्रतिस्पर्धात्मक मूल्य युद्ध हुन नदिने उद्देश्य राखेको छ ।

संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार सन् २०२५ मा अष्ट्रेलियाबाट अमेरिकातर्फ औषधि निर्यात करिब एक अर्ब तीन करोड अमेरिकी डलर बराबरको थियो । अष्ट्रेलियाको सबैभन्दा ठूलो जैवप्रविधि कम्पनीका उत्पादनमा भने नयाँ शुल्क नलाग्नेमा सरकार विश्वस्त रहेको मन्त्री बटलरले बताउनुभयो, किनकि कम्पनीको अमेरिकामा पनि ठूलो उत्पादन आधार रहेको छ । यसैबिच, व्यापार मन्त्रीका प्रवक्ताले अमेरिकी शुल्कप्रति असन्तुष्टि जनाउँदै यस्तो ‘अनुचित र अवाञ्छित’ निर्णय फिर्ता लिन कूटनीतिक पहल जारी राखिने बताउनुभएको छ ।

## नासाको नयाँ मिसन: चन्द्रमातर्फ मानवताको ठुलो कदम

***केप क्यानाभरल, फ्लोरिडा, चैत २० गते ।***
नासाको ‘आर्टेमिस-२’ मिसनका चार जना अन्तरिक्षयात्री शुक्रबार फ्लोरिडाको केनेडी अन्तरिक्ष केन्द्रबाट चन्द्रमातर्फ उडेका छन् । यो मानव इतिहासमा पचास वर्षपछि चन्द्रमाको नजिक पहिलो यात्रा हो ।

उहाँहरूले पृथ्वीको वरिपरि २५ घण्टा बिताएपछि चन्द्रमातर्फको मार्गतर्फ बढेका हुन् । यसले मानिसलाई पृथ्वीको नजिकको कक्षबाट मुक्त गर्दै चार लाख किलोमिटर टाढा चन्द्रमातर्फ पठाएको छ । नासाका निर्देशकले पत्रकार सम्मेलनमा भन्नुभयो, “यो सन् १९७२ पछि पहिलो पटक मानिसले पृथ्वीको कक्षाबाट बाहिर यात्रा गरेका छन् ।”



क्यानाडाका अन्तरिक्षयात्रीले भन्नुभयो,“हामी सबैले क्याप्सुलको झ्यालबाट पृथ्वीलाई पछाडि छोड्दै अनौठो दृश्य अवलोकन गरिरहेका थियौं । यो अनुभव अविस्मरणीय छ ।” आर्टेमिस-२ परीक्षण उडानले नासाको भविष्यका ठुलो योजनाको सुरुवात गरेको छ । यसले चन्द्रमामा दीर्घकालीन बासस्थान र मानव बसोवासको तयारीको मार्ग खोल्ने छ । कमान्डर, पाइलट र अन्य दुई अन्तरिक्षयात्रीले चन्द्रमाको वरिपरि उडान गरेर फिर्ता आउँछन् । यस क्रममा उनीहरूले अपोलो मिसनका दूरी रेकर्ड तोड्ने छन् र पुनः प्रवेश गर्दा सबैभन्दा छिटो गति हाँसिल गर्न सक्छन् ।

## बालेन सरकार...

संविधान संशोधनसम्बन्धी बहसपत्र तयार गर्न कार्यदल गठन गर्ने बुँदा ४ अनुसार प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा कार्यदल गठन गरिएको छ। संसदमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधि पनि यस कार्यदलमा सहभागी हुने अपेक्षा छ, तर हालसम्म नाम टुंगिएको छैन। यसले संविधान संशोधन प्रक्रियालाई व्यवस्थित तरिकाले अघि बढाउने तयारी देखाउँछ।

भदौ २४ गतेका घटनाको सत्यतथ्य छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्ने बुँदा ७ अनुसार छलफल सुरु भए पनि समिति अझै गठन भएको छैन। यस्तै, बुँदा ९५ अनुसार मध्यपूर्वका देशमा विकसित परिस्थितिले नेपालका आर्थिक, वैदेशिक रोजगारी, आपूर्ति, ऊर्जा र समसामयिक क्षेत्रमा पर्न सक्ने बहुआयमिक प्रभावको मूल्याङ्कन गर्न परराष्ट्र, श्रम, अर्थ, उद्योग, ऊर्जा मन्त्रालयका प्रतिनिधि सहभागी कार्यदल गठन गर्नुपर्ने योजना बनाइएको थियो। अर्थ मन्त्रालयले आन्तरिक रूपमा तयारी गरिरहेको जनाएको छ, तर कार्यदल अझै गठन भएको छैन।

प्रधानमन्त्री कार्यालयका अधिकारीहरूका अनुसार, पहिलो सातामा कार्यसूचीका केही कार्य प्रारम्भ भए पनि केही कार्य योजना, समितिको गठन र बहसपत्र तयार गर्ने काम अझै बाँकी छ। यसले देखाउँछ कि बालेन सरकारले प्रारम्भिक दिनदेखि सक्रियता देखाएको भए पनि केही योजनाको पूर्ण कार्यान्वयन समयमै हुन बाँकी छ।

## पोखरिया...

विभागले यसअघि देशभरका मालपोत र भूमि सुधार कार्यालयहरूमा अनधिकृत व्यक्तिको प्रवेशमा कडाइ गर्न निर्देशन जारी गरेको थियो। विभागले कार्यालयका संवेदनशील कागजात र स्रेस्तामा बिचौलिया तथा बाहिरी व्यक्तिहरूको अनियन्त्रित पहुँच बढेको पाइएकोले सुरक्षा कडा बनाउने कदम चालिएको जनाएको छ। प्रहरीले नियन्त्रणमा लिएका व्यक्तिहरूको गतिविधि र उनीहरूको कानुनी दाबीबारे छानबिन जारी राखेको छ।

## रौतहट...

जिल्ला प्रहरी कार्यालय गौरमा जारी रहेको प्रहरी स्रोतले जानकारी दिएको छ। प्रहरीका अनुसार, यस्ता अवैध गतिविधिमा संलग्न व्यक्तिहरूलाई चिन्हित गरी कडा कारबाही गर्ने योजना अघि बढाइँदैछ।

स्थानीयवासीहरूले पनि मालपोत कार्यालय वरिपरि देखिने यस्ता बिचौलियाको गतिविधि रोक्न कडा निगरानी र कारबाहीको माग गरेका छन्। प्रहरी प्रशासनले आगामी दिनमा यस्ता घटनाको पुनरावृत्ति हुन नदिन सतर्कता बढाउने प्रतिबद्धता जनाएको छ।

## गोरखा...

वित्तीय अनुशासन पूर्ण रूपमा कमजोर भएको संकेत गरेको छ। संस्थाको आर्थिक अवस्था झन् जटिल बन्दै गएको देखिन्छ। सहकारीको सेयर पूँजी १४ करोड ७७ लाख २७ हजार रुपैयाँ रहेको छ भने बचतकर्ताको संख्या ३१ हजार ८ पुगेको छ। ठूलो संख्यामा सर्वसाधारणले आफ्नो बचत राखेको यस संस्थामा अनियमितता देखिएपछि बचतकर्ताको रकम डुब्ने जोखिम बढेको भन्दै चिन्ता व्यक्त गरिएको छ।

यसैबीच, सहकारीले गोरखा हस्पिटलमा २५ करोड ३८ लाख रुपैयाँ ऋण लगानी गरेको भए पनि उक्त रकमसमेत हालसम्म असुल हुन सकेको छैन। ठूलो परिमाणमा गरिएको यस्तो लगानी असुल हुन नसक्नुले सहकारीको नगद प्रवाहमा गम्भीर समस्या उत्पन्न भएको देखिन्छ।

प्रतिवेदनले सहकारी व्यवस्थापनमा पारदर्शिता र उत्तरदायित्वको अभाव, आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुनु, तथा नियामक निकायको प्रभावकारी निगरानी नहुनुजस्ता कारणले समस्या गहिरिएको औंल्याएको छ। सहकारीका संस्थापकमध्ये एक व्यक्तिको समेत संलग्नता रहेको आशंका गरिएको छ, जसले विषयलाई थप गम्भीर बनाएको छ।

सरोकारवालाहरूले तत्काल निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न, बचतकर्ताको रकम सुरक्षित गर्न विशेष पहल गर्न तथा सहकारी क्षेत्रप्रतिको विश्वास जोगाउन सरकार र सम्बन्धित निकायलाई सक्रिय हुन आग्रह गरेका छन्।

## शैक्षिक...

भर्ना सूचना सार्वजनिक गरेको पाइएपछि विषय अदालतसम्म पुगेको हो।

अदालतले आफ्नो आदेशमा विद्यार्थीहरूको परीक्षाफल नै सार्वजनिक नभएको, आवश्यक प्रमाणपत्र उपलब्ध नभएको र शैक्षिक सत्र पनि सुरू नभएको अवस्थामा भर्ना प्रक्रिया अघि बढाउनु शिक्षा नियमावली, २०५९ को मर्मविपरीत हुने स्पष्ट पारेको छ। साथै, नियम ७८ र ८४ अनुसार आवश्यक प्रक्रिया पूरा भएपछि मात्र भर्ना सूचना जारी गर्नुपर्नेमा जोड दिइएको छ। अदालतको आदेशसँगै देशभरका विद्यालयहरूले भर्ना प्रक्रिया एकरूप ढंगले सञ्चालन गर्नुपर्ने भएको छ भने यसले अभिभावक र विद्यार्थीमाझ देखिएको अन्योलसमेत अन्त्य हुने अपेक्षा गरिएको छ।

## सशस्त्रका प्रहरी निरीक्षक रंगेहात घुस लिँदै पक्राउ

***२० चैत्र, बर्दिबास -***
सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक (इन्स्पेक्टर) ओकिल अधिकारी ४० हजार रुपैयाँ घुस रकमसहित रंगेहात पक्राउ परेका छन्। यो घटनाले प्रहरी संस्था र सार्वजनिक निर्माण परियोजनामा देखिएको भ्रष्टाचारप्रति ध्यान आकृष्ट गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास क्षेत्रीय कार्यालयबाट खटिएको टोलीले शुक्रबार बिहान मिथिला नगरपालिका-४, लालगढ बाट अधिकारीलाई पक्राउ गरेको हो। अधिकारी कमला-ढल्केवर-बाग्मती सडक निर्माण खण्डअन्तर्गत माटो तथा ग्राभेल फिलिङ कार्यमा खटिएका ठेकेदारलाई विभिन्न बहाना बनाएर सवारी साधन रोक्ने, अनावश्यक अवरोध सिर्जना गर्ने र काममा निरन्तर हैरानी दिने कार्य गर्दै आएका थिए।



ठेकेदारले निर्माण कार्यमा अवरोध नगर्ने सर्तमा अधिकारीबाट घुस मागिएको उजुरी दिएका थिए। उजुरी प्राप्त भएपछि अख्तियारले निगरानी सुरु गरेको थियो। सोही क्रममा आज बिहान ठेकेदारबाट ४० हजार रुपैयाँ लिँदै गर्दा अधिकारीलाई पक्राउ गरिएको अख्तियारले जानकारी दिएको छ।

यो घटना केवल व्यक्तिगत अपराध मात्र नभई, सार्वजनिक परियोजना सञ्चालनमा देखिएको संरचनागत कमजोरी र भ्रष्टाचारको उदाहरण पनि हो। घुसका कारण निर्माण कार्यमा ढिलाइ, लागत वृद्धि र गुणस्तरमा असर पर्ने जोखिम बढ्छ। विशेषज्ञहरूले भन्छन्, “सरकार र सुरक्षा निकायले नैतिक जिम्मेवारीमा कटौती गर्दा भ्रष्टाचार बढ्न सक्छ। सार्वजनिक सुरक्षा निकायमा घुस प्रचलन हुनु नागरिकको विश्वासमा ठुलो धक्का हो।”

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रहरी निरीक्षकलाई रंगेहात पक्राउ गरेर भ्रष्टाचार नियन्त्रणमा कडा सन्देश दिएको छ। अधिकारीमाथि थप अनुसन्धान जारी रहेको र आवश्यक परे कानुनी कारबाही अघि बढाइने आयोगले जनाएको छ। घटना सार्वजनिक सुरक्षा निकायमा स्वच्छ प्रशासन र पारदर्शिताको महत्वलाई पुनः स्मरण गराउँछ। भ्रष्टाचार रोक्न सतर्क निगरानी, उजुरी प्रणालीको प्रभावकारी कार्यान्वयन र दण्ड प्रक्रिया अनिवार्य छ। साथै, सार्वजनिक परियोजना सञ्चालन गर्दा सत्यता, पारदर्शिता र निष्पक्ष निगरानी सुनिश्चित गर्नुपर्ने आवश्यकता यस घटनाले स्पष्ट पार्दछ। अख्तियारको कडा कदमले केवल दोषीलाई कारबाहीमा ल्याउने मात्र होइन, सुरक्षा निकायमा अनुशासन र नैतिक जिम्मेवारी पुनः स्थापित गर्ने सन्देश पनि दिएको छ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
वीरगंज महानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
जीतपुरसिमरा उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

# सभामुखमा डिपी अर्याल निर्विरोध निर्वाचित

***चैत २०, काठमाडौं –***
प्रतिनिधिसभाको सभामुख पदमा डीपी अर्याल निर्विरोध भएका छन्। यद्यपि, उनको औपचारिक घोषणा भने आगामी प्रतिनिधिसभा बैठकमा गरिनेछ।



सभामुख पदका लागि शुक्रबार बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म मनोनयन दर्ताको समय तोकिएको थियो। सो अवधिमा अर्यालको मात्र उम्मेदवारी दर्ता भएपछि उनी निर्विरोध चयन भएका हुन्।

प्रतिनिधिसभा नियमावली-२०७९ को नियम ७ अनुसार सभामुख पदमा एक जनाको मात्र उम्मेदवारी परेमा समर्थक सदस्यले प्रस्ताव प्रस्तुत गरेपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्विरोध निर्वाचित भएको घोषणा गर्ने व्यवस्था छ। सो घोषणा अब बस्ने प्रतिनिधिसभाको बैठकमा गरिनेछ, जुन आगामी आइतबारका लागि तय गरिएको छ।

संसदमा राष्ट्रिय स्वतन्त्र पार्टी को स्पष्ट बहुमत रहेका कारण अन्य दलहरूले सभामुख पदमा उम्मेदवारी नदिएको बताइएको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका १८२ सांसद छन्। त्यस्तै नेपाली कांग्रेस का ३८, नेकपा एमाले का २५, नेपाल कम्युनिस्ट पार्टी का १७, श्रम संस्कृति पार्टी का ७ तथा राष्ट्रिय प्रजातन्त्र पार्टी का ५ सांसद रहेका छन्।

संवैधानिक व्यवस्था अनुसार अब उपसभामुखको निर्वाचन प्रक्रिया सभामुखले तोकेको मिति र समयमा हुनेछ।

# सरकारी विज्ञापन निर्णयविरुद्ध नेपाल पत्रकार महासंघको तीनदिने अल्टिमेटम

***काठमाडौं/बारा, २० चैत ।***
सरकारी विज्ञापन तथा सूचनाहरू केवल सरकारी सञ्चारमाध्यम मार्फत मात्र प्रकाशन-प्रसारण गर्ने निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले कडा आपत्ति जनाउँदै तीन दिनभित्र निर्णय सच्याउन अल्टिमेटम दिएको छ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संघीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश र स्थानीय तहलाई सरकारी सञ्चारमाध्यममै मात्र सूचना दिन निर्देशन जारी गरेपछि महासंघ आक्रोशित बनेको हो। सो निर्णयविरुद्ध शुक्रबार काठमाडौंमा सरोकारवालासहितको छलफल आयोजना गरी महासंघले औपचारिक रूपमा असहमति जनाएको हो।

महासंघकी अध्यक्ष निर्मला शर्माले उक्त निर्णयलाई विभेदकारी र प्रेस स्वतन्त्रतामाथि आघातका रूपमा व्याख्या गर्दै तत्काल फिर्ता लिन माग गरिन्। उनले सरकारी निर्णयले निजी सञ्चारमाध्यमहरूको आर्थिक आधार कमजोर पार्ने र सूचना प्रवाहमा असन्तुलन ल्याउने चेतावनी दिइन्।

महासंघले तीन दिनभित्र निर्णय सच्याइएन भने थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने संकेत दिएको छ। यद्यपि, समस्या समाधानका लागि सरकारसँग वार्ता प्रक्रियालाई समानान्तर रूपमा अघि बढाइने पनि जनाएको छ।

यसैबीच, देशभर निजी सञ्चारमाध्यम र पत्रकारहरूबीच उक्त निर्णयप्रति असन्तोष बढ्दै गएको छ। विज्ञापन वितरणमा समानता र पारदर्शिता कायम गर्नुपर्ने माग गर्दै विभिन्न सञ्चार संस्थाहरूले पनि सरकारलाई निर्णय पुनर्विचार गर्न आग्रह गरेका छन्।

# फुटपाथ अतिक्रमण हटाउन जितपुरसिमराको अन्तिम चेतावनी

***संवाहक सम्वादाता-२०चैत्र, कलैया***
बाराको जीतपुर क्षेत्रको मुख्य ६ लेन सडक छेउछाउ फैलिएका अव्यवस्थित फुटपाथ व्यापारलाई हटाउन उपमहानगरपालिकाले शनिबारसम्मको समयसीमा तोकेको छ। नगर प्रमुख राजन पौडेलले नगरस्तरीय सर्वपक्षीय छलफलपछि अब अतिक्रमणविरुद्ध कुनै सम्झौता नगर्ने र कडाइका साथ कार्यान्वयन गरिने स्पष्ट पारेका छन्। उनले भने, "सडक सर्वसाधारणको हो, कसैको निजी व्यापारको होइन।" पछिल्ला वर्षदेखि दोहोरिँदै आएको फुटपाथ अतिक्रमणले सवारी आवागमन अवरुद्ध, पैदलयात्रीको सुरक्षा चुनौतीपूर्ण, ट्राफिक जाम र दुर्घटना जोखिम बढाएको थियो।



उपमहानगरपालिकाले तोकिएको समयभित्र स्वेच्छाले संरचना हटाउन व्यवसायीहरूलाई आग्रह गरेको छ। समयमै हटाएनन् भने आइतबारदेखि बल प्रयोग गरी हटाइने र नियम उल्लंघन गर्ने व्यवसायीलाई कानुनी कारबाहीमा ल्याइने चेतावनी दिइएको छ। यद्यपि, साना व्यवसाय र स्वरोजगारमा संलग्न व्यक्तिहरूलाई पूर्ण रूपमा विस्थापित नगरी वैकल्पिक व्यवस्थापन र व्यवस्थित बजार क्षेत्र निर्माण गरी दीर्घकालीन समाधान ल्याउने तयारी अघि बढाइएको छ। स्थानीयवासीले निर्णयप्रति सकारात्मक प्रतिक्रिया दिएका छन्। उनीहरूको भनाइ छ कि फुटपाथ अतिक्रमण हटेपछि यातायात व्यवस्थापन सहज हुने र शहरको स्वरूप व्यवस्थित बन्ने अपेक्षा गरिएको छ। सुरक्षा र कार्यान्वयन सुनिश्चित गर्न जिल्ला प्रशासन कार्यालय बारासँग समन्वय भइसकेको प्रमुख प्रशासकीय अधिकृत डमरु प्रसाद निरौलाले जानकारी दिएका छन्।

# रौतहटमा ट्रेक्टर दुर्घटनामा चालकको मृत्यु

***संवाहक सम्वादाता-२०चैत्र, कलैया***
रौतहटको गढिमाई नगरपालिकामा ट्रेक्टर दुर्घटना हुँदा चालकको ज्यान गएको छ। घटना शुक्रबार, २०८२ चैत्र २०, बिहान करिब १०:३५ बजे भएको हो।



प्रहरीका अनुसार, गढिमाई-७ धरमपुर धनहारीस्थित नहरको बाटोमा धनहारीबाट धरमपुरतर्फ जाँदै गरेको ना ६ त ९६८३ नम्बरको ट्रेक्टर अचानक अनियन्त्रित भई खेतमा पल्टिएको थियो। दुर्घटनामा ट्रेक्टर चालक रञ्जित साह (२८ वर्ष, गौर नगरपालिका-६ सबगढा) ट्रेक्टरको इन्जिन भागले च्यापिएर घटनास्थलमै मृत्यु भएका छन्।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यले बताए अनुसार, रञ्जित साह सवारी चलाउँदै गर्दा सडकको वक्र मोड र सडकको उकालो-ओरलामा ट्रेक्टर नियन्त्रण बाहिर गएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ। घटनास्थल पुगेको प्रहरी टोलीले ट्रेक्टरलाई उठाएर घटनास्थल सुरक्षित गरेको छ र मृतकको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल रौतहट पठाउने तयारी भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ। प्रहरीले दुर्घटनाको कारणबारे थप अनुसन्धान जारी राखेको छ।

स्थानीयवासीले सडकमा सुरक्षा उपाय नहुँदा सवारी अनियन्त्रित हुने खतरा बढेको बताउँदै सडक सुरक्षा र चालक प्रशिक्षणमा ध्यान दिनुपर्ने सुझाएका छन्।

यस प्रकारको घटनाले गाउँपालिका क्षेत्रमा सवारी साधनको सुरक्षा र ग्रामीण सडकको संरचनामा सुधारको आवश्यकतालाई प्रकाशमा ल्याएको छ।

# गोरखा सहकारी संकटमाः डमी ऋणीमार्फत ७० प्रतिशतभन्दा बढी ऋण दुरुपयोग, हजारौं बचतकर्ता जोखिममा

२० चैत्र,गोरखा ।
गोरखा बचत तथा ऋण सहकारी संस्थामा गम्भीर आर्थिक अनियमितता र व्यवस्थापन कमजोरी उजागर भएको छ। समितिको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार सहकारीका सञ्चालक तथा कर्मचारीले डमी ऋणी खडा गरी संस्थाबाट प्रवाह गरिएको कुल ऋणको करिब ७० प्रतिशतभन्दा बढी रकम आफैंले प्रयोग गरेको पाइएको हो।



प्रतिवेदनमा उल्लेख भएअनुसार सहकारीले कागजी रूपमा विभिन्न व्यक्तिको नाममा ऋण प्रवाह गरेको देखिए पनि वास्तविक रूपमा ती ऋणहरू सञ्चालक तथा कर्मचारीकै नियन्त्रणमा रहेको पुष्टि भएको छ। यसरी दुरुपयोग गरिएको ऋणमध्ये कुनै पनि नियमित नरहेको, वर्षौंदेखि साँवा तिर्ने त परै जाओस्, ब्याजसमेत भुक्तानी नगरेको अवस्था रहेको छ। यसले सहकारीको

बाँकी तेस्रो पृष्ठमा

# शैक्षिक सत्रअघि भर्ना सूचना निकाल्न नपाइने, सर्वोच्च अदालतको अन्तरिम आदेश

***२०, चैत्र, काठमाडौं ।***
सर्वोच्च अदालतले शैक्षिक सत्र सुरू हुनु अघि विद्यार्थी भर्नासम्बन्धी सूचना प्रकाशित नगर्न अन्तरिम आदेश जारी गरेको छ। अदालतले वैशाख १ गतेदेखि नयाँ शैक्षिक सत्र सुरू भएपछि मात्र भर्ना प्रक्रिया अघि बढाउन निर्देशन दिएको हो।




शुक्रबार न्यायाधीश बालकृष्ण ढकालको इजलासले यस्तो आदेश जारी गर्दै शिक्षा नियमावली विपरीत भइरहेका गतिविधि तत्काल रोक्न भनेको छ। आदेशअनुसार शैक्षिक सत्र औपचारिक रूपमा सुरू नभएसम्म विद्यालयहरूले भर्नासम्बन्धी सूचना तथा कार्यक्रम सार्वजनिक गर्न पाउने छैनन्।

यसअघि शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीले समेत वार्षिक परीक्षाको नतिजा प्रकाशनपछि मात्रै नयाँ शैक्षिक सत्र २०८३ सुरु गरी भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको थियो। तर, केही विद्यालयहरूले नतिजा नआउँदै र सत्र सुरू नभएसम्म पनि

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।